# प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री डा.मीनेन्द्र रिजालसँग मिति २०७८/०८/१३ तदनुसार November 29, 2021 का दिन संयुक्त अधिराज्य बेलायतका महामहिम राजदूत H.E. Nicola Pollitt ले रक्षा मन्त्रालय सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो । सो अवसरमा माननीय रक्षामन्त्रीज्यूले महामहिम राजदूतलाई स्वागत गर्नुको साथै शिष्टाचार भेटघाटको लागि धन्यवाद दिनुभयो । साथै, महामहिम राजदूतको कार्यकालमा दुई देशबीचको सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा माननीय मन्त्रीज्यूले Cop.26 आयोजना गरी नेपाल लगायत विश्व समुदायलाई सहभागी हुने अवसर जुटाउनुको साथै जलवायु परिवर्तन सम्बन्धी समस्या समाधान एवं वातावरण संरक्षणमा संयुक्त अधिराज्य बेलायतले खेलेको भूमिकाको प्रसंशा गर्दै सो कार्यक्रममा नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूको सहभागीता रहेको र सम्मेलनबाट अनुमोदित विषय कार्यान्वयनमा नेपाल प्रतिबद्ध रहेको कुरा उल्लेख गर्नुभयो ।

यसका साथै माननीय मन्त्रीज्यूले नेपाल र बेलायतबीचको सम्बन्ध असाध्यै पुरानो र ऐतिहासिक रहेको, नेपालमा स्थापना भएका विदेशी राजदूतावासमध्ये बेलायत राजदूतावास पहिलो भएको स्मरण गर्दै दुई देश बीचको सम्बन्ध ब्रिटिस गोर्खाको कारण थप मजबुत रहेको, गोर्खा पल्टनमा रहेर नेपाली सेनाले महत्त्वपूर्ण योगदान गरेको र उनीहरूले नेपालमा पठाउने विप्रेषणबाट नेपालको जीवनस्तर सुधार एवं गरिबी न्यूनीकरण सम्बन्धी प्रयासमा महत्त्वपूर्ण सहयोग पुगेको कुरा उल्लेख गर्नुभयो । सोही प्रसँगमा माननीय रक्षामन्त्रीज्यूले नेपाली सेना र बेलायती सेनाबीच ज्यादै राम्रो सम्बन्ध रहेको र बेलायती सेनाको तर्फबाट नेपाली सेनालाई उपलब्ध गराइएको तालिम, उपकरण लगायत सबै सहयोग प्रति सह्राना व्यक्त गर्दै भविष्यमा त्यस प्रकारको सहयोग निरन्तर रहने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा महामहिम राजदूत H.E. Nicola Pollitt ले शिष्टाचार भेटघाटको लागि समय उपलब्ध गराउनु भएकोमा माननीय मन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्दै नेपाल सरकारको रक्षा मन्त्रीको जिम्मेवारी प्रति बधाई ज्ञापन गर्नुको साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । साथै, आफ्नो कार्यकालमा आफू माननीय मन्त्रीज्यू लगायत नेपाल सरकारसँग नजिकमा रहेर कार्य गर्न इच्छुक रहेको विचार व्यक्त गर्नुभयो । सो अवसरमा वहाँले नेपाली सेनाको अनुशासन एवं व्यवसायिकताको प्रशंसा गर्दै बेलायती सेना एवं बेलायत सरकारबाट उपलब्ध गराइएका सबै सहयोगको निरन्तरता रहने कुरा उल्लेख गर्नु हुँदै भविष्यमा अन्य संभावित सहयोगको विस्तार एवं आदान-प्रदानमा आफू प्रयत्नशील रहने कुरा उल्लेख गर्नुभयो । वहाँले UN Peacekeeping Operations मा नेपालको भूमिकाको प्रशंसा गर्नुभयो । साथै, बेलायती सेनामा रहेर नेपालीहरूले गरेको योगदानको प्रशंसा गर्दै ब्रिटिस गोर्खा फौजमा नेपाली महिलाको सहभागीताको सम्भावना बारे विचार गर्न माननीय मन्त्रीज्यूलाई अनुरोध गर्नुभयो । साथै, वहाँले British Gurkha Welfare Coordination Committee लाई प्रभावकारी बनाई भूतपूर्व गोर्खा सैनिकको सहजीकरणमा सक्रिय तुल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तमा, माननीय मन्त्रीज्यूले बेलायत सरकारको तर्फबाट नेपाललाई उपलब्ध सबै प्रकारका सहयोगहरूका लागि धन्यवाद ज्ञापन गर्दै नेपालले UN Peacekeeping Operation मा Second Largest Troops Contributing Country को रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि UN का तर्फबाट नेतृत्वदायी पदहरूमा उचित हिस्सा प्रदान हुन नसकेकोले बेलायत सरकारको तर्फबाट यस विषयमा लबिङ्ग गर्ने कार्यमा महामहिम राजदूतको महत्त्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो ।

रक्षा मन्त्रालय
सिंहदरबार
२०७८/०८/१३

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

कृष्ण प्रसाद ज्ञवाली
सहसचिव एवं प्रवक्ता